# बिन्दबासिनी गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७५/०७/२९


## भाग १

## बिन्दबासिनी गाउँपालिका कृषि व्यावशाय प्रवर्द्धन ऐन, २०७५

**प्रस्तावनाः**

बिन्दबासिनी गाउँपालिका क्षेत्रभित्र कृषिको व्यावशायीकरण र व्यावशायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यावशायी बीच आपसी सम्बन्ध सुदृढगर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरण द्वारा व्यावशायीक रुपमा समग्र कृषि विकासकालागी आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संविधानको धारा २२२ अनुसार गठित बिन्दबासिनी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११. ण. मा उल्लेख भएका कामहरु गर्न गराउन संविधानको धारा २२६ र सरकार सञ्चालन ऐनको दफा १०२. (१) ले दिएको अधिकार प्रयोग गरी “बिन्दबासिनी गाउँपालिका कृषि व्यावशाय प्रवर्द्धन ऐन, २०७५” पारित गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "बिन्दबासिनी गाउँपालिका कृषि व्यावशाय प्रवर्द्धन ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन गाउ ँसभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "गाउँपालिका" भन्नाले बिन्दबासिनी गाउँपालिका सम्झनुपर्छ,

(२) "गाउँ सभा" भन्नाले बिन्दबासिनी गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले बिन्दबासिनी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(४) "अध्यक्ष" भन्नाले बिन्दबासिनी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ,

(५) "उपाध्यक्ष" भन्नाले बिन्दबासिनी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ,

(६) "न्यायिक समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ वमोजिमको बिन्दबासिनी गाउँपालिकाको न्यायिक समिति सम्झनुपर्छ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बिन्दबासिनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ, सो शब्दले गाउँ सभा र कार्यपालिका सदस्य सचिव समेतलाई वुझाउछ ।

(८) "कार्यपालिका सदस्य" भन्नाले बिन्दबासिनी गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई वुझाउछ ।

(९) "गाउँ सभा सदस्य" भन्नाले बिन्दबासिनी गाउँपालिकाको गाउँ सभा सदस्य सम्झनुपर्छ । सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई वुझाउछ ।

(१०) "वडा" भन्नाले बिन्दबासिनी गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(११) "वडा अध्यक्ष" भन्नाले बिन्दबासिनी गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(१२) "समिति" भन्नाले यस ऐनको दफा ६ वमोजिम गठित स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समिति र दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(१३) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(१४) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यावशाय प्रवर्द्धन कोषलाई सम्झनुपर्छ ।

(१५) "कृषि" भन्नाले अनुसूचि (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनुपर्छ र सो शव्दले व्यावशायीक कृषिलाई समेत जनाउँछ ।

(१६) "कृषक" भन्नाले यस ऐनको प्रयोजनकालागी कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावशायीक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यावशायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

(१७) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनुपर्छ ।

(१८) "कृषि व्यावशाय" भन्नाले देहायको व्यावशाय सम्झनुपर्छ :-

(क) व्यावशायीक उद्देश्यले गरिने पशु पन्छी पालन, कृषि बाली वा बस्तुको उत्पादन ,

(ख) कृषिजन्य वस्तुको प्रशोधन,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनकालागी प्रयोग हुने रसायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनकोलागी प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा विक्री वितरण,

(च) कृषिमा प्रयोग हुने औषधि एवं विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री वितरण,

(१९) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनि वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनुपर्छ।

(२०) "कृषि फार्म" भन्नाले व्यावशायीक प्रयोजनकोलागी अनुसूचि (१) बमोजिमका बाली उत्पादनकालागी सञ्चालन गरिएको कृषि फार्म सम्झनुपर्छ।

(२१) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ।

(२२) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ।

(२३) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनुपर्छ।

(२४) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनुपर्छ।

(२५) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनुपर्छ।

(२६) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यावशायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्ता वाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(२७) “बिक्रेता” भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनि वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ।

(२८) “व्यावशायीक कृषि करार” भन्नाले व्यावशायीक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावशायीक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यावशाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यावशायीक कृषि करारलाई सम्झनुपर्दछ। यसले व्यावशायीक कृषि प्रयोजनकोलागी व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगकोलागी कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(२९) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद -२
## कृषि बजारसम्वन्धी व्यवस्था

**३ कृषि बजारको स्थापनाः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यावशायीक संस्थाले कार्यपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

## ४. कृषि बजारको वर्गीकरणः

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम विधि र प्रकृया वाट बढ् बढावट वाट हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५. बिन्दबासिनी गाउँपालिकाको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः

(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएका कृषि बजारहरुको सञ्चालन तथा व्यवस्थापन गर्नकोलागी कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम गठन हुने समिति देहाय वमोजिम हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | सदस्य |
| ग) कार्यपालिका वाट कम्तीमा महिला १ सहित २ जना सदस्य | सदस्य |
| ग) संयोजकले तोकेको महिला गाउँ सभा सदस्य १ जना | सदस्य |
| घ) सम्वन्धित व्यवशायि वाट गाउँपालिकाको अध्यक्षले तोकेको १ जना | सदस्य |
| ङ) सम्वन्धित उत्पादकवाट गाउँपालिकाको अध्यक्षले तोकेको १ जना | सदस्य |
| च) उद्योग वांणिज्य संघ अध्यक्ष/प्रतिनिधि १ | |

जना सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कृषि शाखा प्रमुख सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आंफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले कृषि बजार सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्नसक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

(७) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति र समितिले गर्ने काम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३
## कृषि व्यावशाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**६. बिन्दबासिनी गाउँपालिकाको कृषि व्यावशाय प्रवर्द्धन समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न बिन्दबासिनी गाउँपालिकामा एक स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) गाउँपालिकाको अध्यक्ष –संयोजक

(ख) अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) गाउँपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख –सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना –सदस्य

(च) समितिले मनोनयन गरेको व्यावशायीक

किसानमध्ये एक जना —सदस्य

(छ) गाउँपालिकाको कृषि शाखा प्रमुख/तोकिएका कर्मचारी —सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार** :

यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) स्थानीयस्तरमा कृषि व्यावशाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(२) कृषि व्यावशाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(३) कृषि व्यावशायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(४) कृषि व्यावशायको विकास र आन्तरीक तथा वाह्य माग पुर्तिकोलागी मासुजन्य पदार्थ, दुग्धजन्य पदार्थ नगदेवाली, तेलहन, दलहन, अन्न, तरकारी, फलफुल लगायतको उत्पादन व्यावशायीकरण र वजारीकरण गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(५) कृषि व्यावशाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(६) गाउँपालिका भित्र रहेका सरकारी सार्वजनिक पर्ती तथा गाउँपालिकाको स्वामित्वमा रहेका खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुको संरक्षण संम्वर्धन गरी, गराई व्यावशायीक खेती गराई उत्पादनमा वृद्धी, कृषि उत्पादन उद्योगको स्थापना, स्वरोजगारको व्यवस्था र गाउँपालिकाको श्रोत विकास गराउने,

(७) गाउँपालिकाको भित्र रहेका सरकारी, सार्वजनीक, पर्ती तथा गाउँपालिकाको स्वामित्वमा रहेका खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुको संरक्षण संम्वर्धन र सो वाट गाउँपालिकाको स्थाई श्रोत वनाउन उक्त खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुमा कृषि व्यावशाय विकास एवं विस्तार गर्न,

(८) आफैले तथा किसान समुह मार्फत, अमानतमा तथा ठेक्कापट्टा वाट तरकारी वालिनालि, पशुपन्छी पालन, माछा पालन लगायतका कार्यहरु गर्ने, गराउने ।

(९) कृषी व्यावशायलाई व्यवस्थित गराउने र किसान समुह मार्फत, अमानतमा तथा ठेक्कापट्टा वाट कार्यगर्न प्रचलित कानूनको अधिनमा रही कार्यविधि वनाई लागु गर्ने, गराउने ।

(१०) ठेक्कापट्टा वाट गर्ने कामहरुको आवश्यक प्रवन्ध मिलाउने ।

(११) स्थानीय कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिलाई मार्गदर्शन, श्रोत साधनको व्यवस्था र आवश्यक निति नियम निर्माण एवं कार्यान्वयनमा सहयोग गर्ने,

(१२) कृषि व्यावशाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(१३) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने,

**८. कृषि व्यावशायलाई सुविधा दिनेः-**

(१) गाउँपालिकाले कृषि व्यावशायकालागी देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछः-

(क) स्थानीय कर निकासी शुल्क,

(ख) कृषि व्यावशाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि,

(ग) कृषि व्यावशाय प्रवर्द्धनकालागी अनुदान जस्तै विउ विजन, औषधी उपचार, मलखाद आदि,

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले साना कृषक तथा कृषक समुहहरुलाई क्षमता शिप विकासकालागी कार्यक्रम अनुदान एव तालिम तथा मिनिकिट वितरण कार्यक्रमहरु सञ्चलन गर्न, गराउन सक्नेछ ।

(४) गाउँपालिकाले साना कृषकहरुलाई व्यावशायीकरण गराउन कृषक तथा कृषि व्यावशायको विकास र सुधारकोलागी प्रदर्शनी परियोजनाहरु सञ्चालन गर्न, गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा गाउँपालिकाको कृषि व्यावशाय प्रवर्धन समितिको सिफारिशमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९. कृषि ऋणः**

(१) कुनै पनि बैंङ्क वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावशायीक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंङ्क वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंङ्क वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंङ्क वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद -४

## कोषको स्थापना तथा सञ्चालन

**१०. कोषको स्थापना :**

(१) कृषि व्यावशाय प्रवर्द्धन गर्नकालागी एक छुट्टै कृषि व्यावशाय प्रवर्द्धनकोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) गाउँपालिकाले कृषि उत्पादनकोलागी अमानत तथा ठेक्कापट्टा वाट प्राप्त गरेको रकम मध्य कृषि प्रवर्धनलाई तोकेको रकम

(घ) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापतको प्राप्त रकम

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

**११. कोषको सञ्चालन :**

(१) गाउँपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यावशायको प्रवर्द्धन गर्नकालागी कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय गाउँपालिकाको कृषि शाखा/उप शाखा/इकाईमा रहनेछ ।

**१२. कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा समितिको सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. लेखा र लेखापरीक्षण**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -५
## व्यावशायीक कृषि करार (लिज)

**१४. व्यावशायीक कृषि करार गर्न सकिने** :

(१) यस ऐन बमोजिम कृषि व्यावशायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यावशायीक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने विधि प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यावशाय गर्ने प्रयोजनकालागी व्यक्ति, कृषि फार्म वा व्यावशायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको तथा अफुले संरक्षण गरीरहेका जग्गा, संरचना, तालतलैया, पोखरी आदिमा निश्चित समय तथा सर्त तोकि अमानत, करार तथा ठेक्का संझौतावाट व्यक्ती, समुह, निकाय

तथा कानूनी मान्यता प्राप्त फर्महरुलाई कृषि उत्पादनकोलागी उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको तथा अफुले संरक्षण गरीरहेका जग्गा, संरचना, तालतलैया, पोखरी आदिमा निश्चित समय तथा सर्त तोकि अमानत, करार तथा ठेक्का संझौतावाट व्यक्ती, समुह, निकाय तथा कानूनी मान्यता प्राप्त फर्महरुलाई कृषि उत्पादनकोलागी उपलब्ध गराउने विधि प्रकृया स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समितिले तोके वमोजिम हुनेछ ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने**:

(१) कुनै कृषक वा कृषिव्यावशायीले व्यावशायीक रुपमा कृषि सम्बन्धी कार्य गर्नकोलागी प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकाय वा गाउँपालिकासँग माग गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधी तोकी प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्ति, निकाय वा वा गाउँपालिकाले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन प्रचलित कानूनमा तोकिए वमोजिम कृषि प्रयोजनकालागी गाउँपालिकाले प्रयोगमा ल्याउन तथा प्रयोग हुने व्यवस्था गर्न सक्नेछ ।

**१७. स्वामित्व हस्तान्तरण नहुने**:

यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा

लिजमा लिएको दिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**१८. पुनःकरार गर्न नहुने :**

यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**१९. व्यावशायीक कृषि करारका विषयवस्तुहरू** :

(१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूचि- २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यावशायीक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२०. व्यावशायीक कृषि करारका पक्षहरूको दायित्व** :

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यावशाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यावशायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यावशायीक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनकोलागी कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यावशायीक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार गर्नु पर्नेछ ।

**२१. करार पूरा गर्नु पर्ने समय र तरिकाः**

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक गरिएको करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**२२. करार पूरा गर्ने स्थानः**

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान

तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**२३. करार पूरा गर्नु नपर्ने अवस्थाः**

देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(१) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(२) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(३) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(४) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(५) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा,

**२४. करार दर्ता गर्नु पर्ने** :

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनकोलागी मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति कार्यपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) गाउँपालिकामा कुनै व्यावशायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## परिच्छेद -६
## विवाद समाधान

**२५. विवादको समाधान** :

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरु समाधान गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नसक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, गाउँपालिकाको प्रतिनिधि वा गाउँपालिकाको कृषि व्यावशाय प्रवद्धन समितिबाट तोकिएका बिषय विज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गर्न सकिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनकोलागी दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समया भित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताहरुको पारिश्रमिक र सुविधा पक्षहरूबाट व्यवस्था गराइनेछ ।

२६. **म्याद सम्बन्धमा** :

यस ऐन बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०)

बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

२७. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन** :

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगराएमा त्यस्तो निर्णयको कार्यान्वयनमा गाउँपालिकाको, जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरीदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद -७
## विविध

२८. **व्यावशाय दर्ता गर्नु पर्ने** :

(१) करार गरी कृषि व्यावशाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यावशाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यावशायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । निजले कृषि हेर्न अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता

अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्नसक्नेछ ।

(३) व्यावशाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** :

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिलाई दिनु पर्नेछ ।

३०. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी** :

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार गाउँ न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको तथा अन्य परामर्श तथा सहयोग लिन सक्नेछ ।

३१. **दण्ड सजाय** :

कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ, कसुर दोहोरिएमा जरिवाना रकम दोब्बर हुदै जानेछ ।

(१) दफा ३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा विगो सहित थप पच्चिसहजार देखि पचासहजार रूपैयाँ सम्म ।

(२) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई विगो सहित थप पच्चिसहजारदेखि पचासहजार रूपैयाँसम्म ।

(३) यस ऐन र अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

**३२. पुनरावेदन** :

यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३३. बीमा सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनिले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावशायीक कृषि करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनिले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनिले व्यावशायीक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

**३४. प्रचलित कानून बमोजिम हुने** :

यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्नेः**

यस ऐन बमोजिम कृषि व्यावशायको प्रवर्द्धन गर्दा वा व्यावशायीक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**३६. नियममवली वनाउन सक्ने** :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**३७. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले निर्णय गरी लागुगर्नसक्नेछ ।

**३८. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

**३९. बचाऊ र खारेजीः**

(१) यस ऐनको उद्देश्य तथा बिषय एवं क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

(२) यस ऐनको कुनै दफा उपदफा संघीय तथा प्रदेश कानून सग वाझिएमा वाझिएको हदसम्म खारेज हुनेछ ।

**आज्ञाले**

**सुजित कुमार साह**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूचि -१

दफा २ को उपदफा (१३) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसला बाली, पूष्प खेती

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, फुल,, मासु तथा मासुजन्य पदार्थ, दुध तथा दुधजन्य पदार्थ

(५) हाड, छाला, ऊन

(६) च्याउ,

(७) मौरी, रेशम

(८) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(९) तेलहन, दलहन

(१०) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरु ।

## **अनुसूचि (२)**

दफा १९ सँग सम्बन्धित

(१) करारका पक्षहरू,

(२) करार खेतीको क्षेत्र,

(३) जग्गा र भौतिक साधन,

(४) वस्तुको विवरण,मात्रा,

(५) गुणस्तर,

(६) सम्झौताको अवधी,

(७) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(८) भुक्तानीको प्रक्रिया,

(९) ढुवानीको दायित्व,

(१०) उत्पादन प्रक्रिया,

(११) अनुगमनका पक्षहरू,

(१२) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(१३) गुणस्तर निर्धारणका आधारहरू,

(१४) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(१५) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(१६) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

**आज्ञाले**
**सुजित कुमार साह**
**प्रमुख प्रशासकीय अधिकृत**